धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२०७३३
Email : info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np

प.सं.:- २०७९/८०
च.नं.:- २४

मिति:- २०७९/०४/१७

विषय : राय सुझाव पेश गर्ने सम्बन्धमा।

श्री सरोकारवालहरु सबै ।

प्रस्तुत विषयमा सामाजिक विकास समितिको मिति २०७९/०४/१६ गते बसेको बैठकबाट शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट प्रस्तावित "धनगढी उपमहानगरपालिकाको विद्यालय लेखापरीक्षण निर्देशिका, २०७९" को मस्यौदा सम्बन्धमा सरोकारवालाहरुबाट समेत राय सुझाव संकलन गर्ने निर्णय भएँको हुदाँ यसैसाथ संलग्न प्रस्तावित मस्यौदा सम्बन्धमा कुनै राय सुझाव भए मिति २०७९/०४/३२ गतेभित्र देहाएको ढाँचामा edu.dhangadi@gmail.com मार्फत वा सोझै शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेश गर्नु हुन अनुरोध छ ।

तपसिल:

| भएको | | प्रस्तावित सुझाव |
|---|---|---|
| कहाँ | के | |
| | | |
| | | |

नरेन्द्र बहादुर खाती
उपसचिव

बोधार्थ:

श्री नगरप्रमुख ज्यूको सचिवालय:- जानकारीका लागि सादर अनुरोध छ ।

श्री नगर उपप्रमुख ज्यूको सचिवालय:- जानकारीका लागि सादर अनुरोध छ।

श्री सञ्चार तथा सुचना प्रविधि शाखा:- धनगढी उपमहानगरपालिकाको विद्यालय लेखापरीक्षण निर्देशिका,२०७९" को मस्यौदा सहित पत्र समेत वेभसाइटमा अपलोड गरिदिनु हुन ।

**धनगढी उपमहानगरपालिकाको**

**विद्यालय लेखापरीक्षण निर्देशिका, २०७९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) को (२१) र नगर शिक्षा ऐन धनगढी २०७४ को दफा ५१ मा उल्लेखित अधिकार प्रयोग गरी धनगढी उपमहानगरपालिका अन्तर्गतका विद्यालयहरुको लेखापरीक्षण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र नगर शिक्षा ऐन धनगढी, २०७४ को दफा ५४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिकाको **........औं** बैठकले यो निर्देशिका जारी गरेको छ।

**परिच्छेद - १**

**परिभाषा**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यस कार्यविधिको नाम **"धनगढी उपमहानगरपालिकाको विद्यालय लेखापरीक्षण निर्देशिका, २०७९"** रहेको छ।

(ख) यो निर्देशिका धनगढी उपमहानगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

(ग) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) “निर्देशिका” भन्नाले धनगढी उपमहानगरपालिकाको विद्यालय लेखापरीक्षण निर्देशिका, २०७९ सम्झनु पर्दछ।

(ख) “उपमहानगरपालिका” भन्नाले धनगढी उपमहानगरपालिकालाई सम्झनु पर्दछ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले धनगढी उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(घ) “महाशाखा” भन्नाले धनगढी उपमहानगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद महाशाखालाई सम्झनु पर्दछ।

(ङ) “महाशाखा प्रमुख.” भन्नाले धनगढी उपमहानगरपालिका शिक्षा, युवा तथा खेलकुद महाशाखालाई प्रमुख सम्झनु पर्छ।

(च) “लेखापरीक्षण” भन्नाले धनगढी उपमहानगरपालिका अन्तर्गतका विद्यालयको आन्तरिक र अन्तिम लेखापरीक्षण कार्यलाई जनाउँदछ।

(छ) “लेखापरीक्षक” भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रमाण पत्र प्राप्त व्यक्ति, संस्था, कम्पनी वा फर्मलाई जनाउँछ।

मस्यौदा

(ज) "विद्यालय" भन्नाले धनगढी उपमहानगरपालिकाको क्षेत्रभित्र सञ्चालित प्रारम्भिक बालविकास कक्षा देखि कक्षा बाह्रसम्मको अध्ययन अध्यापन हुने सबै प्रकारका विद्यालयहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## सूचना प्रकाशन तथा विवरण तयारी

३. **विद्यालयको अन्तिम लेखा परीक्षणका लागि सूचना प्रकाशन गर्नु पर्ने :** विद्यालयको अन्तिम लेखापरीक्षण गर्नका लागि नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्तावाला लेखापरीक्षकहरुको विवरण तयार गर्न आर्थिक वर्षको सुरु महिनाभित्र उपमहानगरपालिकाको लेटरप्याडमा अनुसची १ बमोजिमको ढाँचामा सूचना तयार पारी उपमहानगरपालिकाको वेभसाइट मार्फत प्रकाशन गर्नुपर्नेछ ।

४. **निवेदन संकलन तथा दर्ता अभिलेख कायम गर्ने :** (१) लेखापरीक्षकहरुको विवरण तयार गर्न दफा ३ बमोजिम प्रकाशित सूचना उल्लेख भए अनुसार आफ्नो फर्म वा संस्थाको विवरण अध्यावधिक गराउन ईच्छुक लेखापरीक्षकहरुले सूचनामा तोकिएको समय र कागजातहरुका प्रतिलिपि सहित अनुसूची २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(२) फर्म वा संस्थाबाट उपदफा (१) बमोजिम पेश हुन आएको निवेदन शिक्षा, युवा तथा खेलकुद महाशाखाको दर्ता रजिष्टरमा दर्ता अभिलेख कायम गरी अनुसूची ३ बमोजिमको ढाँचामा विवरण तयार गर्नु पर्नेछ ।

५. **अन्तिम अध्यावधिक विवरण तयार गरी सार्वजिनक गर्नु पर्ने :** शिक्षा, युवा तथा खेलकुद महाशाखाले तयार गरेको अनुसूची ३ बमोजिमको विवरण अध्ययन गरी दफा ७ बमोजिमको विद्यालय लेखा परीक्षक सिफारिस समितिले लेखापरीक्षकहरुको अन्तिम अध्यावधिक विवरण तयार गरी उपमहानगरपालिकाको वेभसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## लेखापरीक्षकको सिफारिस र नियुक्ति

६. **विद्यालय व्यवस्थापन समितिले सिफारिस गर्नु पर्ने :** (१) विद्यालयको लेखापरीक्षणका लागि विद्यालय व्यवस्थापन समितिले दफा ५ बमोजिम उपमहानगरपालिकाको वेभसाइट मार्फत सार्वजनिक गरिएको लेखापरीक्षकहरुको विवरणमा नाम समावेश भएका लेखापरीक्षकहरुमध्येबाट तीन जनाको नाम सिफारिस गरी अनुसूची ४ बमोजिमको ढाँचामा वडा शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

(२) वडा शिक्षा समिति गठन नभएका वडाहरुको हकमा उपदफा (१) बमोजिमको

सिफारिस वडा समितिमा पेश गर्न सकिनेछ।

७. **विद्यालय व्यवस्थापन समितिले सिफारिस गर्न नहुने :** विद्यालय व्यवस्थापन समितिले देहायका लेखापरीक्षकहरुको नाम वडा शिक्षा समिति वा वडा समितिमा सिफारिस गरी पठाउनु हुँदैन।

(क) लगातार विगत दुई आर्थिक वर्षको विद्यालयको लेखा परीक्षण कार्यमा संलग्न भएको लेखापरीक्षक,

(ख) गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन तोकिएको अवधिभित्र विद्यालयमा पेश नगरेको लेखापरीक्षक,

(ग) विद्यालयको लेखा परीक्षण गर्नु पर्ने आर्थिक वर्षका लागि उपमहानगरपालिकाको वेभसाईट मार्फत सार्वजनिक गरिएको लेखा परीक्षकहरुको विवरणमा नामावली समावेश नभएको।

८. **वडा शिक्षा समितिले सिफारिस गर्नु पर्ने :** (१) वडा शिक्षा समितिले विद्यालयबाट सिफारिस भई आएका लेखा परीक्षकहरुको नामावली दफा ७ बमोजिमको मापदण्ड पालना भए/नभएको जाँचबुझ गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा मापदण्ड पालना भएको पाईएमा नगर शिक्षा समिति समक्ष सिफारिस गरी पठाउनु पर्नेछ। तर मापदण्ड पालना नभएको पाईएमा पुन: सिफारिस गरी पठाउन विद्यालयलाई निर्देशन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पुन: सिफारिस गरी पठाएको विवरणमा उल्लेखित लेखा परीक्षकहरुको नामावली मापदण्ड पालना गरी सिफारिस भई आएमा नगर शिक्षा समिति समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । तर पुन : मापदण्ड पालना नभएको पाईएमा वडा शिक्षा समितिबाटै दफा ५ बमोजिम उपमहानगरपालिकाको वेभसाइट मार्फत सार्वजनिक गरिएको लेखापरीक्षकहरुको विवरणमा नाम समावेश भएका लेखापरीक्षकहरुमध्येबाट तीन जनाको नाम सिफारिस गरी पठाउनु पर्नेछ।

(४) आफ्नो वडा अन्तर्गतका कुनै विद्यालयहरुबाट तोकिएको अवधिभित्र लेखा परीक्षकहरुको नामावली सिफारिस भई नआएमा वडा समितिले दफा ५ बमोजिम उपमहानगरपालिकाको वेभसाइट मार्फत सार्वजनिक गरिएको लेखापरीक्षकहरुको विवरणमा नाम समावेश भएका लेखापरीक्षकहरुमध्येबाट तीन जनाको नाम सिफारिस गरी पठाउन सक्नेछ।

(५) वडा शिक्षा समितिले उपदफा (३) र (४) बमोजिम नगर शिक्षा समितिमा लेखा

मस्यौदा

परीक्षकहरुको नामावली सिफारिस गरी पठाउँदा अनुसूची ५ बमोजिमको ढाँचामा पठाउनु पर्नेछ।

९. **वडा समितिले सिफारिस गरी पठाउनु पर्ने :** वडा शिक्षा समितिको गठन नभएका वडाहरुको हकमा दफा ९ बमोजिम सिफारिसको काम वडा समितिले गर्नु पर्नेछ।

१०. **विद्यालय लेखा परीक्षक सिफारिस समिति :** (१) लेखापरीक्षकहरुको अन्तिम अध्यावधिक विवरण तयार गर्ने र नगर शिक्षा ऐन धनगढीको दफा १० को खण्ड (च) बमोजिम वडा शिक्षा समितिबाट सिफारिस भई आएका लेखा परीक्षकहरुमध्येबाट लेखा परीक्षक नियुक्तिका लागि नगर शिक्षा समिति समक्ष विद्यालयगत रुपमा लेखा परीक्षकको नाम सिफारिस गर्ने कार्यका लागि देहायको एक विद्यालय लेखा परीक्षक सिफारिस समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) महाशाखा प्रमुख – सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

(घ) आन्तरिक लेखा परीक्षक शाखा प्रमुख – सदस्य

(ङ) लेखा परीक्षकको विवरण तयारीमा संलग्न महाशाखाको कर्मचारी – सदस्यसचिव

(२) विद्यालय लेखा परीक्षक सिफारिस समितिले लेखा परीक्षकहरुको पेशागत संस्थाका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न आवश्यक ठानेमा बैठकमा आमन्त्रण गर्न सक्नेछ।

११. **विद्यालय लेखा परीक्षक सिफारिस समितिको काम, कर्तव्य र अधिकार :** विद्यालय लेखा परीक्षक सिफारिस समितिको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विद्यालयको लेखा परीक्षणका लागि सूचना प्रकाशित गर्ने, गराउने,

(ख) लेखा परीक्षकहरुको अन्तिम अध्यावधिक विवरण तयार गरी सार्वजिनक गर्ने, गराउने,

(ग) वडा शिक्षा समिति वा वडा समितिबाट तोकिएको अविधभित्र सिफारिस भई आएका लेखा परीक्षकहरुमध्येबाट लेखा परीक्षक नियुक्तिका लागि नगर शिक्षा समिति समक्ष विद्यालयगत रुपमा लेखा परीक्षकको नाम सिफारिस गर्ने,

(घ) वडा शिक्षा समिति वा वडा समितिबाट तोकिएको अविधभित्र लेखा परीक्षकको नामावली सिफारिस भई नआएका विद्यालयहरुकहरुको लेखा परीक्षण गर्न दफा ५ बमोजिम उपमहानगरपालिकाको वेभसाइट मार्फत सार्वजनिक गरिएको लेखापरीक्षकहरुको विवरणमा नाम समावेश भएका लेखापरीक्षकहरुमध्येबाट लेखा परीक्षक नियुक्तिका लागि नगर शिक्षा समिति समक्ष विद्यालयगत रुपमा लेखा

परीक्षकको नाम सिफारिस गर्ने,

(ङ) विद्यालयको लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्या समाधानका लागि नगर शिक्षा समितिलाई राय सल्लाह दिने,

(च) सामुदायिक विद्यालयहरुको लेखा परीक्षण प्रतिवेदन अध्ययन गरी वार्षिक रुपमा नगर शिक्षा समिति समक्ष प्रतिवेदन पेश गर्ने,

(छ) नगर शिक्षा समितिले तोकेका विद्यालयको लेखा परीक्षण सम्बन्धि अन्य कार्यहरु गर्ने, गराउने ।

१२. **नामावली सिफारिस गर्दा अवलम्बन गर्नु पर्ने मापदण्ड** : (१) विद्यालय लेखा परीक्षक सिफारिस समितिले दफा ११ को खण्ड (ग) र खण्ड (घ) बमोजिम नगर शिक्षा समितिमा लेखा परीक्षकहरुको नामावली सिफारिस गर्दा देहायका मापदण्डको अवलम्बन गर्नु पर्नेछ :

(क) विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको प्राथमिकताक्रम,

(ख) विद्यालय व्यवस्थापन समितिबाट सिफारिस नभई आएका विद्यालयको हकमा वडा शिक्षा समिति वा वडा समितिबाट सिफारिस भई आएको प्राथमिकताक्रम,

(ग) खण्ड (क) र खण्ड (ख) उल्लेखित प्राथमिकता फरक फरक भएकाको हकमा खण्ड (ख) मा उल्लेखित प्राथमिकताक्रम,

(घ) विद्यालय व्यवस्थापन समिति र वडा शिक्षा समिति वा वडा समितिबाट सिफारिस भई नभएका विद्यालयको हकमा दफा ११ को खण्ड (घ) बमोजिमको सिफारिसको प्राथमिकताक्रम ।

(२) आर्थिक वर्ष २०७७।७८ को लेखा परीक्षकको नियुक्त पाई विद्यालयको लेखापरीक्षण गरेका तर शिक्षा, युवा तथा खेलकुद महाशाखामा २०७९ साउन मसान्तसम्म लेखा परीक्षण प्रतिवेदन पेश नगरेका लेखा परीक्षकहरु उपदफा (१) अनुसार पहिलो प्राथमिकताक्रममा रहेका भएतापनि विद्यालय लेखा परीक्षक सिफारिस समितिले नगर शिक्षा समितिमा नाम सिफारिस गर्ने छैन् ।

(३) यो कार्यविधि प्रारम्भ भएपश्चात विद्यालय, सम्बन्धित वडा शिक्षा समिति वा वडा समिति र उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखामा तोकिएको अवधिभित्र लेखा परीक्षण प्रतिवेदन पेश नगरेका लेखा परीक्षकहरु विद्यालय, वडा शिक्षा समिति वा वडा समितिबाट सिफारिस भई आएतापनि विद्यालय लेखा परीक्षक सिफारिस समितिले नगर शिक्षा समितिमा सिफारिस गरी पठाउने छैन् ।

मस्यौदा

**१३. विद्यालय लेखा परीक्षक सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) विद्यालय लेखा परीक्षक सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(२) विद्यालय लेखा परीक्षक सिफारिस समितिको बैठक बसी कामकाज गर्दा समितिका पदाधिकारी र समितिले आमन्त्रण गरेका बढीमा तीन जनाले उपमहानगरपालिकाको नियमानुसार बैठक भत्ता र खाजा खर्च पाउनेछन्।

**१४. लेखा परीक्षकको नियुक्ति :** (१) यस निर्देशिकाको दफा ११ को खण्ड (ग) र खण्ड (घ) बमोजिम सिफारिस भई आएका लेखापरीक्षकहरुलाई नगर शिक्षा समितिले नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकहरुलाई अनुसूची ६ बमोजिमको ढाँचामा महाशाखा प्रमुखले नियुक्ति पत्र दिनेछ।

**१५. लेखा परीक्षकको नियुक्ति सम्बन्धि विशेष व्यवस्था :** (१) दफा १४ बमोजिम नियुक्त लेखा परीक्षकले तोकिएको अवधिभित्र नियुक्ति पत्र बुझि नलिएमा वा नियुक्ति पत्र बुझिलिएर पनि तोकिएको समयभित्र विद्यालयको लेखा परीक्षण नगरेमा त्यस्तो नियुक्ति स्वत: बदर भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम लेखा परीक्षकको नियुक्ति बदर भई लेखा परीक्षण हुन नसकेका विद्यालयको लेखा परीक्षण गर्न विद्यालय लेखा परीक्षण सिफारिस समितिले तोकेको लेखा परीक्षकबाट लेखा परीक्षण गराउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम तोकेको लेखापरीक्षकहरुलाई अनुसूची ६ बमोजिमको ढाँचामा महाशाखा प्रमुखले नियुक्ति पत्र दिनेछ।

## परिच्छेद - ४

## लेखापरीक्षकको पारिश्रमिक

**१६. लेखा परीक्षकको पारिश्रमिक :** (१) विद्यालय लेखा परीक्षकको पारिश्रमिक देहाय बमोजिम तोकिएको छ :

(क) बार्षिक कारोबार पचास लाख रुपैयाँ सम्म हुने विद्यालयको पाँच हजार रुपैंया।

(ख) बार्षिक कारोबार पचास लाख भन्दा बढी पचहत्तर लाख रुपैयाँसम्म हुने विद्यालयको सात हजार रुपैंया।

(ग) बार्षिक कारोबार पचहत्तर लाख भन्दा बढी एक करोड रुपैयाँसम्म हुने विद्यालयको दश हजार रुपैंया।

(घ) बार्षिक कारोबार एक करोड भन्दा बढी रुपैयाँसम्म हुने विद्यालयको हकमा एक करोड

भन्दा माथिको रकममा प्रति दश लाख रुपैंया बराबर एक हजारका दरले थप हुने आउने रकम बराबरको रुपैंयाँ।

(२) उपदफा (१) बमोजिमको पारिश्रमिक रकम लेखा परीक्षण प्रतिवेदन पेश भए पछि सम्बन्धित विद्यालयहरुबाटै लेखा परीक्षकलाई भुक्तानी गर्नुपर्नेछ। त्यसरी भुक्तानी गर्दा नियमानुसार करकट्टी गर्नु पर्ने भए करकट्टी गरेर मात्र भुक्तानी गर्नुपर्नेछ।

१७. **तोकिएको भन्दा बढी पारिश्रमिक लिनदिन नहुने :** (१) विद्यालयहरुले लेखा परीक्षकलाई दफा १६ मा तोकिएको दर भन्दा बढी पारिश्रमिक भुक्तानी दिन पाईनेछैन्।

(२) लेखा परीक्षकहरुले विद्यालयबाट दफा १६ मा तोकिएको दर भन्दा बढी पारिश्रमिक भुक्तानी लिन पाईनेछैन्।

(३) उपदफा (२) र (३) बमोजिम लेखा परीक्षक पारिश्रमिक लेनदेन गर्दा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर थप गरे भुक्तानी लिनदिन सकिनेछ।

१८. **पारिश्रमिक भुक्तानी लिन प्रतिवेदन पेश गर्नु पर्ने :** लेखा परीक्षकहरुले विद्यालयबाट पारिश्रमिक रकम भुक्तानी लिनु पूर्व सम्बन्धित विद्यालय, सम्बन्धित वडा कार्यालय र महाशाखामा लेखा परीक्षण प्रतिवेदन पेश गरेको हुनुपर्नेछ।

## परिच्छेद-५

## आन्तरिक लेखापरीक्षण

१९. **आन्तरिक लेखा परीक्षण गर्न सकिने :** (१) आन्तरिक लेखापरीक्षण शाखाले वार्षिक वा त्रैमासिक रुपमा सामुदायिक विद्यालयको आन्तरिक लेखापरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक लेखा परीक्षणको प्रतिवेदन विद्यालय लेखा परीक्षण सिफारिस समिति मार्फत नगर शिक्षा समिति पेश गर्नु पर्नेछ।

(३) आन्तरिक लेखा परीक्षण वापत विद्यालयबाट कुनै प्रकारको पारिश्रमिक र थप सुविधा लिनदिन पाइनेछैन्।

## परिच्छेद - ६

## लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

२०. **महालेखा परीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने :** (१) लेखा परीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएको भनि सम्बन्धित विद्यालयले महशुस गरेमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा, युवा तथा खेलकुद महाशाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउनु पर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई जानकारी भएको निर्णय सहितको व्यहोरा

महालेखा परीक्षकको कार्यालय समक्ष पुष्ट्याई सहित पठाउनु पर्नेछ।

(३) महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन र सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी उपमहानगरपालिका र विद्यालयको हुनेछ।

## परिच्छेद - ७

## वेरुजु र सम्परीक्षण

२१. **बेरुजु फछ्यौंट गर्ने दायित्व :** (१) आन्तरीक र अन्तिम लेखापरीक्षणबाट कायम भएका बेरुजुको प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी, गराई फछ्यौंट गर्ने दायित्व सम्बन्धित विद्यालयका प्रधानाध्यापकको हुनेछ।

(२) रुजु फछयौट गरी सम्परीक्षण गराउने दायित्व भएको अधिकार प्राप्त प्रधानाध्यमपक सरुवा वा बढुवा वा अवकास भई कार्यालय छाड्नु पर्दा निजले फछ्यौंट गर्न बाँकी रहेको बेरुजु लगत तथा कारोबार सम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खोली हाल कामकाज गर्न तोकिएको प्रधानाध्यापकलाई वुझाउनु पर्नेछ।

(३) हाल कामकाज गर्न तोकिएको प्रधानाध्यापकले उपदफा (२) बमोजिम बुझिलिई बेरुजु फछ्यौंट गर्नु गराउनु पर्नेछ।

## परिच्छेद - ८

## विविध

२२. **दुईपटक भन्दा बढी पटक लेखा परीक्षक नियुक्त गर्न नहुने :** एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार दुई पटक भन्दा बढी लेखापरीक्षणका लागि नियुक्ति गर्न पाइने छैन।

२३. **लेखा परीक्षण गराउने कर्तव्य :** उपमहानगरपालिकाबाट नियुक्त भई आएको लेखापरीक्षकबाट विद्यालयको लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ।

२४. **निकासा रोक्का गर्न सकिने :** उपमहानगरपालिकाबाट नियुक्त भएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराउने विद्यालयमा त्यसपश्चात निकासा हुने रकमहरु रोक्का गर्न सकिनेछ।

२५. **लेखा परीक्षण गर्न सकिने विद्यालय संख्या :** एउटा लेखापरीक्षकलाई एक आर्थिक वर्षमा बढीमा पाँचओटा विद्यालयको लेखापरीक्षण गर्ने गरी मात्र नियुक्त गर्न सकिनेछ।

अनुसूची १

(परिच्छेद २ को दफा ३ संगसम्बन्धित)

**विद्यालयको अन्तिम लेखापरीक्षणका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना !**

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०....।.....।....)**

प्रस्तुत विषयमा यस उप-महानगरपालिका अन्तर्गतका विद्यालयहरुको गत आर्थिक वर्ष (विगत आ.व. को लेखापरीक्षण गर्न बाँकी रहेका विद्यालयहरुको हकमा सो अवधि समेत) को अन्तिम लेखापरीक्षण गर्ने गराउने प्रयोजनका लागि लेखापरीक्षकको विवरण तयार गर्नु पर्ने भएकोले विद्यालयको लेखापरीक्षण गर्न ईच्छुक नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई सदस्यता नविकरण गरेका ईच्छुक लेखापरीक्षकबाट मिति (साल, महिना, गते लेख्ने) देखि ऐ. (महिना र गते लेख्ने) दिनको (समय लेख्ने) बजेभित्र देहायमा उल्लेखित कागजातहरुका प्रतिलिपि संलग्न राखी शिक्षा, युवा तथा खेलकुद महाशाखामा आईपुग्ने गरी धनगढी उपमहानगरपालिकाको विद्यालय लेखापरीक्षण निर्देशिका, २०७९ को अनुसूची २ बमोजिको ढाँचामा निवेदन पेश गर्नु गराउनु हुन सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

महाशाखा प्रमुख

**देहाय**

१. फर्म दर्ता प्रमाणपत्र (नविकरण गर्नु पर्ने भए सो समेत)
२. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्र (नविकरण गर्नु पर्ने भए सो समेत)
३. स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर (PAN/VAT) दर्ता प्रमाणपत्र
४. गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र
५. नेपाली नागरिकताको प्रमाणपत्र
६. संस्थाको प्रोफाइल
७. बहालबाला कर्मचारीहरुको हकमा सम्बन्धित कार्यालयको स्वीकृति पत्र

**बोधार्थ :**

श्री संचार तथा सुचना प्रविधि शाखा : सूचना वेभसाइटमा अपलोड गरिदिनु हुन।

नमूना

अनुसूची २

(परिच्छेद २ को दफा ४ को उपदफा १ संगसम्बन्धित)

**विद्यालयको लेखा परीक्षणका लागि दिईने निवेदनको ढाँचा**

मिति :

श्री शिक्षा, युवा तथा खेलकुद महाशाखा
नगर कार्यपालिकाको कार्यालय
धनगढी उपमहानगरपालिका, कैलाली

विषय : विद्यालयको लेखा परीक्षणका लागि विवरण अध्यावधिक गरिदिने बारे ।

प्रस्तुत विषयमा धनगढी उपमहानगरपालिका अन्तर्गतका विद्यालयहरुको आ.व. (सूचना उल्लेख भएको आर्थिक वर्ष लेख्ने) को अन्तिम लेखा परीक्षणका लागि प्रकाशित सूचना बमोजिम मेरो नाममा रहेको फर्मबाट लेखा परीक्षण गर्न ईच्छुक रहेकोले तपसिलका प्रमाणपत्रका प्रतिवेदनहरु यसैसाथ संलग्न राखी पठाएको व्यहोरा अनुरोध गर्दछु ।

लेखा परीक्षकको सही :
नाम :
फर्मको नाम :
ठेगाना :
मोबाइल नम्बर :

संलग्न कागजातहरु :

१. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि थान १
२. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्रको प्रतिलिपि थान १
३. स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर (PAN/VAT) दर्ता प्रमाणपत्र थान १
४. गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र थान १
५. नेपाली नागरिकताको प्रमाणपत्र थान १
६. संस्थाको प्रोफाइल थान १
७. सम्बन्धित कार्यालयको स्वीकृति पत्र (बहालबाला कर्मचारीहरुको हकमा मात्र) थान १

मस्यौदा

अनुसूची ३

(परिच्छेद २ को दफा ४ को उपदफा २ संगसम्बन्धित)

**आ.व. २०...।..... का लागि लेखा परीक्षकहरुको अध्याविधक विवरण**

| क्र.सं. | लेखा परीक्षकको नाम | फर्मको नाम | ठेगाना | मोबाइल नम्बर | दर्ता नं. | दर्ता मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची ४

(परिच्छेद ३ को दफा ६ संगसम्बन्धित)

**विद्यालयले वडा शिक्षा समिति वा वडा समितिमा लेखा परीक्षक सिफारिस गरी पठाउने पत्रको ढाँचा**

**(विद्यालयको लेटर प्याडमा तयार गरी पठाउने)**

मिति :

श्री वडा शिक्षा समिति/वडा समिति

.....नं. वडा कार्यालय

धनगढी उपमहानगरपालिका, कैलाली ।

विषय : लेखा परीक्षकको नाम सिफारिस गरी पठाईएको बारे ।

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति ......................... को निर्णयानुसार यस आर्थिक वर्षको विद्यालयको अन्तिम लेखा परीक्षणका लागि धनगढी उपमहानगरपालिकाद्वारा सार्वजनिक गरिएको लेखा परीक्षकहरुको अध्यावधिक विवरणको सूचीमध्येबाट तपसिल बमोजिम तीनजना लेखा परीक्षकहरुको नामावली सिफारिस गरी पठाईएकोले त्यहाँ वडा शिक्षा समिति/वडा समितिबाट उक्त नामावली सिफारिस गरी नगर शिक्षा समितिमा पठाईदिनु हुन अनुरोध छ ।

...........

प्रधानाध्यापक

तपसिल

| क्र.सं. | लेखा परीक्षकको नाम | फर्मको नाम | ठेगाना | मोबाइल नम्बर |
|---|---|---|---|---|
| १ | | | | |

| क्र.सं. | लेखा परीक्षकको नाम | फर्मको नाम | ठेगाना | मोबाइल नम्बर |
|---|---|---|---|---|
| २ | | | | |
| ३ | | | | |

अनुसूची ५

(परिच्छेद ३ को दफा ९ को उपदफा (५) संगसम्बन्धित)

**वडा शिक्षा समिति वा वडा समितिले नगर शिक्षा समितिमा लेखा परीक्षक सिफारिस गरी पठाउने पत्रको ढाँचा**

**(वडा कार्यालयको लेटर प्याडमा तयार गरी पठाउने)**

मिति :

श्री नगर शिक्षा समिति
धनगढी उपमहानगरपालिका, कैलाली ।

विषय : लेखा परीक्षकको नाम सिफारिस गरी पठाईएको बारे ।

प्रस्तुत विषयमा यस वडा शिक्षा समिति/वडा समितिको मिति ………………….. को निर्णयानुसार यस वडा अन्तर्गतका विद्यालयहरुको आर्थिक वर्ष ……………को अन्तिम लेखा परीक्षणका लागि धनगढी उपमहानगरपालिकाको विद्यालय लेखा परीक्षण निर्देशिका, २०७९ को दफा ९ बमोजिम लेखा परीक्षकहरुको नामावली देहाय अनुसार सिफारिस गरी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

………..
वडा सचिव

तपसिल

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | लेखा परीक्षकको विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | क्र.सं. | नाम | फर्मको नाम | ठेगाना | मोबाइल नम्बर | |
| | | | १ | | | | | |
| | | | २ | | | | | |
| | | | ३ | | | | | |

मस्यौदा

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | लेखा परीक्षकको विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | क्र.सं. | नाम | फर्मको नाम | ठेगाना | मोबाइल नम्बर | |
| | | | १ | | | | | |
| | | | २ | | | | | |
| | | | ३ | | | | | |

अनुसूची ६

(परिच्छेद ३ को दफा १४ को उपदफा (२) संगसम्बन्धित)

**लेखा परीक्षकलाई दिइने नियुक्तिको ढाँचा**

मिति :

**विषय: नियुक्त गरिएको बारे ।**

श्री (लेखा परीक्षकको नाम) [फोन नम्बर]
फर्म वा संस्थाको नाम र ठेगाना ।

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति ………….. को निर्णयानुसार तँपाईलाई विद्यालयबाट धनगढी उपमहानगरपालिकाको विद्यालय लेखा परीक्षण निर्देशिका, २०७९ को परिच्छेद ४ मा उल्लेख भएबमोजिमको पारिश्रमिक सुविधा पाउने गरी तालिकामा उल्लेखित विद्यालयहरुको आ.व. २०….।.. सम्मको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकमा नियुक्त गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदछु । तपसिलमा उल्लेखित निर्देशन ससमेतका आधारमा पैंतीस दिनभित्र तोकिएका विद्यालयको लेखा परीक्षण कार्य सम्पन्न गरी कार्य सम्पन्न भएको पन्ध्रदिनभित्र प्रतिवेदन धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद महाशाखामा अनिवार्य रुपमा पेश गर्नु होला ।

महाशाखा प्रमुख

अन्तिम लेखा परीक्षण गर्न तोकिएका विद्यालयहरुको विवरण

| क्र.सं. | इमिस कोड | नाम | वडा नं. | टोल | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

मस्यौदा

| क्र.सं. | इमिस कोड | नाम | वडा नं. | टोल | सम्पर्क नम्बर |
| --- | --- | --- | --- | --- | --- |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

तपसिल :

१. लेखा परीक्षण गर्दा सरकारी अनुदान र विद्यालयको आन्तरीक स्रोतबाट भएको यथार्थ आय-व्यय देखिने गरी पेश गर्नु पर्नेछ ।

२. विद्यालयको भौतिक सम्पत्ति, जिन्सी सामान तथा जग्गा सम्बन्धी विवरण स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

३. विद्यालयको कक्षागत विद्यार्थी संख्या र विद्यालयमा रहेको शिक्षक तथा कर्मचारी संख्या प्रतलित शिक्षा ऐन नियमानुसार रहेको वा नरहेको विषय स्पष्ट रुपमा खुलाएको हुनुपर्नेछ ।

४. आम्दानी र खर्च प्रचलित ऐन नियम अनुसार भएको वा नभएको हेर्नुपर्नेछ ।

५. सरकारी अनुदान वापत विद्यालयमा निकासा भएको रकम जुन क्रियाकलापका लागि निकासा भएको हो सोही क्रियाकलापमा खर्च गरेको वा नगरेको स्पष्ट खुलाउनु पर्नेछ ।

६. लेखा परीक्षण कार्य गर्दा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई समेत जानकारी गराउनु पर्नेछ ।

७. नियुक्ति पाएको पैंतीसदिनभित्र लेखा परीक्षण कार्य सम्पन्न गरी लेखा परीक्षण कार्य सम्पन्न भएको पन्ध्रदिनभित्र लेखा परीक्षण प्रतिवेदन सम्बन्धित विद्यालय, सम्बन्धित वडा कार्यालय र धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

८. लेखा परीक्षण वापतको पारिश्रमिक रकम निर्धारण गर्दा आयव्यय विवरणमा स्थिर सम्पत्ति मूल्याङ्कन रकम, मुद्दति खाताको रकम र सरकारी अनुदानका रुपमा निकासा हुँदा भूलबस निकासा भई विद्यालयले सम्बन्धित निकायमा फिर्ता गर्नु पर्ने रकम समावेश गर्न पाईने छैन् ।

९. लेखा परीक्षण गर्दा विद्यालयको घर भाडा भुक्तानी गर्दा अग्रिम करकट्टी गरेको वा नगरेको, कर योग्य आय भएका शिक्षकहरुको कर कट्टी गरेको वा नगरेको, शिक्षकको तलबभत्ता वा विद्यालय कर्मचारी र बालविकास शिक्षकको पारिश्रमिक भुक्तानी गर्दा सामाजिक सुरक्षा करकट्टी गरेको वा नगरेको, स्थायी शिक्षकहरुको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सावधिक जीवन बीमा वापतको कट्टी गर्नुपर्ने रकम तलबभत्ता तथा पारिश्रमिक भुक्तानी गरेको अवधिमै कट्टी गरेर

विवरण सहित सम्बन्धित कोष वा खातामा जम्मा गरेको वा नगरेको विवरण समेत पेश गर्नु पर्नेछ ।

१०. लेखा परीक्षण गर्दा अन्य कुराहरुका अतिरिक्त प्रचलित शिक्षा सम्बन्धी ऐन नियमहरु, वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका, कार्यक्रमका लागि भएका सम्झौंता पत्रहरु, लेखा परीक्षण मापदण्ड, लेखा परीक्षण ऐन नियम तथा नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाबाट जारी भएका विद्यालय लेखापरीक्षणसंग सम्बन्धित मापदण्ड तथा निर्देशिकालाई समेत आधार लिई गर्नु पर्नेछ ।

११. लेखा परीक्षण वापतको पारिश्रमिकमा नियमानुसार लाग्ने करकट्टी गरेर मात्र विद्यालयबाट पारिश्रमिक भुक्तानी हुनेछ ।

१२. लेखा परीक्षणका लागि यसैपत्रमा तोकिएको समयावधिभित्र लेखा परीक्षण नगरेमा वा लेखा परीक्षण गरेर पनि तोकिए अवधिभित्र प्रतिवेदन नबुझाएमा अर्को लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षणको कार्य गराईनेछ ।

**बोधार्थ :**

**श्री तालिका उल्लेखित विद्यालयहरु सबै** : नियमानुसार लेखा परीक्षण कार्य गरी गराई धनगढी उपमहानगरपालिकाको विद्यालय लेखा परीक्षण निर्देशिका, २०७९ को परिच्छेद ४ बमोजिम त्यहाँ विद्यालयबाटै पारिश्रमिक रकम भुक्तानी दिनु हुन अनुरोध छ ।

मस्यौदा